थाहानगरका कर्मचारीको क्षमता अभिवृद्धि । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-४१ ● २०७९ वैशाख १२ गते सोमबार, ● 25 April 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## पालुङ प्रहरी प्रमुखमा खनाल



◆ विकास संवाददाता

मकवानपुरको थाहानगर स्थित इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक श्रीराम तिमल्सिना सरूवा भएका छन् । इलाका प्रहरी कार्यालय पालुङमा करिव एक वर्ष प्रमुख रहेका प्रहरी निरीक्षक श्रीराम तिमिल्सिनाको जिल्ला प्रहरी कार्यालय कास्की अपराध अनुसन्धान समुहमा सरूवा भएको हो ।

पालुङमा भने काठमाण्डौंबाट प्रहरी निरीक्षक दुर्गा खनाल आएका छन् । खनाल महानगरीय अपराध महाशाखा टेकु काठमाडौंबाट सरूवा भई पालुङ आएका हुन् । ५ वैशाखमा थाहा नगर पालिका कार्यालयमा तिमल्सिनाको विदाई तथा खनालको स्वागत गरिएको छ । थाहानगर प्रमुख लवशेर विष्टको अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी निरीक्षक तिमल्सिनाको विदाई र खनालको स्वागत गरिएको छ ।

कार्यक्रमको अवसरमा विदाई हुँदै गरेका तिमल्सिनाले करिब १ वर्षको अवधिमा पालिका र प्रहरी कार्यालयबीचको समन्वयात्मक कार्य प्रभावकारी भएको बताउँदै जनप्रतिनीधि र पालिकाको कर्मचारीहरूबाट भरपूर सहयोग पाएको उल्लेख गरे । उनले यहाँका राजनीतिक दलहरूले कुनैपनि कुरामा दबाब नदिइ समन्वयात्मक कार्य गरेको सम्झना गरे । कार्यक्रममा सरूवा भई आएका प्रहरी निरीक्षक खनालले यहाँको शान्ति सुरक्षामा कुनै कमी हुन दिने प्रतिवद्धता व्यक्त गरे । खनालले जनप्रतिनीधि, र ाजनीतिक दल तथा कर्मचारीहरूसंगको समन्वयलाई थप प्रभावकारी बनाउन आफू लागि पर्ने धाराणा राखे ।

कार्यक्रममा थाहानगर प्रमुख लवशेर विष्ट, उपप्रमुख खड्ग गोपाली, प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी, सूचना अधिकारी सुरजकुमार भुजेलगायतकाले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा थाहा नगर पालिकाका राजनीतिक सल्लकार विष्णु विष्ट, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य सन्तोष विष्टलगायतकाको उपस्थिती रहेको थियो ।

# मकवानपुरमा छ स्थानीय तहमा नेकपा (एस)को दाबी

विकास संवाददाता
थाहानगर



नेकपा (एकीकृत समाजवादी) मकवानपुरले मकवानपुरमा ६ स्थानीय तहमा आफ्नो बलियो पकड रहेको दाबी गरेको छ । ५ वैशाखमा पार्टीको जिल्ला कमिटी बैठकमा रिपोर्टिङ गर्ने क्रममा भूगोलका इञ्चार्जहरूले ६ वटा स्थानीय तहममा मेयर र अध्यक्ष पाउनु पर्ने गरी पार्टीलाई लबिङ गर्न खबरदारी पनि गरे ।

पार्टी संगठन राम्रो भएको मनहरी, राक्सिराङ, भीमफेदी, कैलाश, ईन्द्रसरोवर र हेटौँडा उपमहानगर पालिकामा अध्यक्ष र मेयर पाउनु पर्ने गरी गठबन्धनमा छलफल गर्न इञ्चार्जहरूले बैठकमा रिपोर्टिङ गरेका थिए । राक्सिराङका इञ्चार्ज कृष्णबहादुर चेपाङ र मनहरीका इञ्चार्ज भूमिनन्द अर्यालले दुवै भूगोलमा गठबन्धनमा सम्मानजनक सहभागिता नभए एक्लै उठ्न पनि पार्टी पंक्ति तयार रहेको बताए ।

यस्तै, गठबन्धनले अध्यक्ष दिन तयार भएको कैलाश र ईन्द्रसरोवरमा पार्टीको स्वभाविक दाबी हुने नै भयो । कैलाश इञ्चार्ज कालु ढकाल र ईन्द्रसरोवर इञ्चार्ज कुन्साङ लामाले पनि अध्यक्षसहित केही वडाहरूमा सम्मानजनक हिसाबले गठबन्धन हुनु पर्ने बताए ।

हेटौँडा उपमहानगरपालिकामा पनि मेयरसहित ५ वटा वडामा समाजवादीले दाबी गर्नु पर्ने नेताहरूको भनाइ थियो । गठबन्धनमै जाँदा पनि मेयरसहित ५ वटा वडामा दाबी रहेको पार्टी उपाध्यक्ष एवम् हेटौँडा उपमेयर मीना लामा र हेटौँडा पार्टी इञ्चार्ज ध्रुव भुजेलले बताए । त्यस्तै, पछिल्लो समय पार्टी संगठन सुदृढ भएकाले भीमफेदीमा पनि अध्यक्षको दाबी गर्ने आधार भएको रिपोर्टिङ थियो इञ्चार्ज शिवहरि बर्तौलाको भनाइ थियो ।

यस्तै, बैठकमा समाजवादीले कम्तीमा उपाध्यक्षसहित सम्मानजनक ढंगले वडाध्यक्षहरू पाउनु पर्ने दाबीमा मकवानपुर गढी र वकैया गाउँपालिका रहेको छ । गढी इञ्चार्ज राजन दाहाल र वकैया इञ्चार्ज नारायण तिमिल्सिनाले उपाध्यक्षसहित वडाध्यक्षहरूमा दाबी र हेको र गठबन्धनमा यही अनुसार छलफल चलाउन पार्टी पंक्तिलाई आग्रह गरे ।

थाहा नगरपालिका र बागमती गाउँपालिकामा मात्र समाजवादीले तत्काल अध्यक्ष, उपाध्यक्ष या मेयर उपमेयरमा दाबी नगरेको हो । बैठकमा रिपोर्टिङ गर्ने इञ्चार्जहरूले गठबन्धनसँग लिनु पर्दा कम्तीमा लिनु पर्ने वडामा ३९ वटा वडा माग गर्न आग्रह गरेका थिए । ती वडाहरूमा समाजवादीको पकड रहेको इञ्चार्जहरूको दाबी थियो ।

## घरैमा पुगेर मृत्यू दाबी रकम दिइयो

◆ विकास संवाददाता

नेपाल लाईफ इन्स्योरेन्स कम्पनी प्राइभेट लिमिटेड पालुङ उपशाखाले बिमित व्यक्तिको घरैमा पुगेर मृत्यू दाबी भुक्तानी दिएको छ । कम्पनीले थाहा नगरपालिका वडा नम्बर ६ का मिन बहादुर मिजारलाई घरैमा पुगी मृत्यु दाबी रकम उपलब्ध गराएको हो ।




छबर्ष अगाडि मनिषा मिजारको उनको परिवारले १ लाख ५ हजारको बीमा गरेका थिए । बिमित मनिषाको २०७८ माघ ६ गते मोटरसाइकल दुर्घटना भई उपचारको क्रममा मृत्यू भएको थियो ।

पालुङ उपशाखाका प्रमुख नरहरी पौडेल तथा एजेन्सी म्यानेजरले बिमाङ्क १ लाख ५ हजा र बोनस ४० हजार ९५० गरी कुल १ लाख ४५ हजार ९ सय ५० रूपैयाँ दाबी वापतको रकम चेकमार्फत संयुक्त रूपमा हस्तान्तरण गरेका हुन् ।

## काँग्रेस थाहानगर सचिव मुक्तानको निधन

◆ विकास संवाददाता

नेपाली काँग्रेस थाहानगर कार्य समितिका सचिव भीमसेन मुक्तानको निधन भएको छ ।

मकवानपुरको थाहा नगरपालिका वडा नं ७ चौबास निवासी मुक्तानको ५ वैशाख निधन भएको हो । केही समयदेखि बिरामी रहेका मुक्तानको अबस्था गम्भिर बनेपछि ५ वैशाख राति नै काठमाडौं लैजाने क्रममा बाटोमा नै निधन भएको हो ।

थाहानगर कार्य समितिका सचिव मुक्तानको निधनप्रति काँग्रेस थाहानगर समितिले दु:ख व्यक्त गर्दै मुक्तानले पार्टी र समाजमा पुऱ्याएको योगदानको स्मरणीय भएको जनाएको छ ।

३६ वर्षीय मुक्तानको निधनले पार्टीलाई अपुरणीय क्षति पुगेको भन्दै काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीले सचिव मुक्तानप्रति श्रद्धान्जली र परिवारजनमा समवेदना व्यक्त गरेका छन् । सुन्दरीदेवी माध्यामिक विद्यालय व्यवस्थापन समितिका सदस्य एवं विगतमा रेडियोकर्मी समेत रहेका मुक्तान गजलकारसमेत रहेका थिए । उनका श्रीमती, एक छोरी र एक छोरा रहेका छन् ।



विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७९ वैशाख १२ गते सोमबार, 25 April 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## • सम्पादकीय •

### चुनावी प्रतिवद्धता र उपेक्षित कृषि क्षेत्र

वैशाखको पहिलो हप्ता देशलाई कसरी समृद्ध बनाइन्छ भन्ने कार्यक्रम घोषणाको उच्चस्तरका प्रतिस्पर्धा चल्यो । यो स्वाभाविक पनि थियो । किनभने ३० वैशाखमा त स्थानीय तहको निर्वाचन देशभरि एकै चरणमा सम्पन्न हुँदैछ । त्यो चुनावमा सहभागी हुने सबै राजनीतिक दल र स्वतन्त्र उम्मेदवार समेत आफ्नो घोषणापत्रमार्फत त्यस्तो समृद्धिको कार्ययोजना धमाधम घोषणा गरिनै रहनेछन् । गएको निर्वाचनदेखि देशमा समृद्धिको नारा लाग्न थालको हो । त्यो नाराले नै अघिल्लो चुनावमा कुनै एउटा दललाई धेरै ठूलो संख्यामा मत प्राप्त भएको थियो । यद्यपि आफूले घोषणा गरेअनुसार काम गर्न नसेकोमा कतै आत्मालोचना गरको भने पाइएन । तैपनि यो पटक त्यस्तो नारा दिनेमा सबै दल अनि स्वतन्त्र उमेद्वार अग्र स्थानमा हुने त भैहाले । चुनाव हो यस्तो हुन्छ नै । तर यसको ठीक हप्ताअघि भन्सार विभागले सार्वजनिक गरेको कृषिजन्य वस्तुको आयातसम्बन्धी एउटा विवरण सार्वजनिक गरेको थियो त्यता भने कसैको ध्यान गएको पाइएन । उक्त तथ्याङ्क अर्थात विवरण हेर्नेहो भने भन्ने गरिएको समृद्धिको सपना कसरी डुब्दै छ भन्ने सवाल स्पष्ट हुन्छ ।

सबैलाई थाहै छ, नेपाल कृषिप्रधान देश हो । देशलाई आत्मनिर्भर बनाउने पनि यही कृषि नै हो । तर यो वस्तु कति परनिर्भरतामा परिसकेको छ भन्ने त्यसबेला प्रकट भएका तथ्यांकप्रति कसैको पनि आफ्ना घोषणापत्रमा चिन्ता व्यक्त हुने विषयमा परेनन् र, अब आउने घोषणा पत्रहरुमा पनि त्यो विषय समेटिएला भन्ने कुनै आशा गरियो भने व्यर्थ हुन्छ । यसले राजनीतिक दलका समृद्धिका सपना केवल चुनाव जित्ने दिनसम्मका लागि रहेछन् भन्ने प्रस्ट हुन्छ । धान, मकै, कोदो, गहुँजस्ता प्रमुख खाद्यबाली नेपालका जुनसुकै भू-भागमा हुनेमध्येमा पर्छन् । उत्पादनमा केही कमबेसी हुनु अलग कुरा हो तर ती उत्पादन नै नहुनेचाहिँ होइन । खाँचो हो तिनका लागि आवश्यक मलखाद, बीउबिजन र सिचाइँका लागि पानीको व्यवस्था गरिदिनु । त्यसको अभावमा उत्पादन घट्न गई चालू आर्थिक वर्षको नौ महिनाको अवधि अर्थात् गएको चैतसम्ममा ५९ अर्ब २९ करोड ७० लाख ३६ हजार रुपैयाँबराबरको आयात भएछ । यो तथ्यांक यस्तो बेला आएको हो, जो गएको वर्ष केही कृषि उपजमा आत्मनिर्भर भयौं भनी घोषणा भएको थियो तर त्यो पनि गलत साबित भयो । अघिल्लो वर्ष मात्रै आत्मनिर्भरता प्राप्त भएको वस्तु यो वर्ष मात्रै यति धेरै मात्रामा आयात भएका छन् भने त्यो आत्मनिर्भरताको अर्थ नै के रहला ?

भन्सार विभागको विवरणअनुसार चालू आवको चैत मसान्तसम्म १४ अर्ब ९७ करोड २३ लाख ६८ हजार रुपैयाँबराबरको ५० करोड ८८ लाख ७८ हजार तीन सय आठ केजी धान, २४ करोड ८३ लाख ६९ हजार रुपैयाँबराबरको धानको बीउ, १९ अर्ब १९ करोड ८२ लाख ९५ हजार रुपैयाँबराबरको ३७ करोड २० लाख ८७ हजार चार सय ११ केजी चामल, १५ अर्बको मकै, पाँच अर्ब २७ करोड ७९ लाख ७३ हजार रुपैयाँबराबरको १५ करोड ९८ लाख ८३ हजार चार सय ३८ केजी गहुँ आयात भयो । यो भनेको मुलुक अब आफ्नै देशमा पर्याप्त उत्पादन हुने वस्तु पनि आयात गरेर खाने बानीमा परिसकेको रहेछ अर्थात् यस्ता वस्तुमा पनि परनिर्भरता बढ्दै नै गएको अवस्था हो । यही ठाउँमा निर्वाचन लडिरहेका दलले आफ्ना घोषणापत्रमा यस्ता वस्तुका परनिर्भरता घटाउने भन्ने कार्यक्रमगतरूपले कतै उल्लेख गरेका पाइएन । नेपालले गर्ने हो भने कृषि उत्पादनमा आत्मनिर्भरता मात्रै होइन व्यापारलाई सन्तुलनमा ल्याउने काम समेत गर्छ यसतर्फ पनि ध्यान दिनै पर्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय चुनाव, वितृष्णा र स्वार्थको भाष्य



**रमेश भट्टराई**

चुनावले विगत र वर्तमानसँग आगतसँग गाँस्न सुझाउँदै छ । चुनावी परिणामलाई लगाइने अनुमानमध्ये काठमाडौँको लडाइँ निकै नै रोचक हुने देखिन्छ । जनतामा बढेको राजनीतिक वितृष्णा र सिद्धान्त बिर्सने दलीय शैलीलाई नियाल्दा भरतपुर पनि चर्चामा चुलिएको छ । यद्यपि यसअघि काठमाडौँ महानगरमा रञ्जु दर्शनालगायतका साझा पार्टीका उम्मेदवारका कारण ठूला दलको नतिजामा निकै ठूलो प्रभाव पार्‍यो । यसपटक स्वतन्त्र उम्मेदवार बालेनको नाम उस्तै रूपमा आएको छ । फलतः युवाको जमातलाई पक्कै पनि प्रभाव पार्ने देखिन्छ नै ।

गठबन्धनलाई अस्वीकार गर्ने, नयाँपन खोज्ने, विशेषतः कलाकारितामा समर्पित युवा वर्ग, वैज्ञानिक प्रविधिप्रति आकृष्ट वर्ग अनि अझ राजनीतिक वितृष्णाले 'नो भोट' को अपेक्षा गर्नेहरूले बालेनलाई रोज्न सक्ने अनुमान सहजै गर्न सकिन्छ । वास्तवमा गठबन्धनका कारण 'हाम्रोलाई भन्दा राम्रोलाई' भन्ने सिद्धान्तचाहिँ सिद्धान्तमै अड्किएको देखिन्छ । नीतिभन्दा फरक रहेर पुरूषवादी अनुहार मैदानमा देखिनु पनि यसको अर्को कारण रह्यो । यसरी हेर्दा भोलिका दिनमा 'तपाईंलाई हामीले जिताएको हो' भन्दै बाँडी खाने रीतले निरन्तरता दिने भय पनि छ । विचारको बेमेल रहँदा अस्थिरता नहुनेमा पनि ढुक्क हुनै सकिन्न । चुनावमा मत हाल्न बढीमा ५ सेकेन्ड लाग्छ अनि ५ वर्षसम्म पछुताइरहने स्थिति हुन पनि सक्छ । हतारमा गल्ती गरेर फुर्सदमा पछुताउनुभन्दा विवेकी बन्नु अहिलेको आवश्यकता हो । यसर्थ वर्तमान चुनावी शैलीले नै स्वार्थको बीजारोपण गरेको प्रतीत हुन थाल्दा सचेत जनतामा वैकल्पिक शक्तिप्रतिको चाख तीव्र रूपमा बढेकै हो ।

#### हिजोको दुरवस्था र यथार्थ

विगतको चुनावी प्रतिस्पर्धामा रहेको नेकपा एमालेभित्रको शक्ति आज तीन टुक्रामा विभाजित छ । स्वार्थको साइनो नमिलेर चोइटिएका एकीकृत माओवादी र समाजवादी पार्टीले विचार नमिले पनि नेपाली काङ्ग्रेससँग गठबन्धन गरिरहेको अवस्थामा हिजो र भोलिको दोसाँधमा मतदाता अन्योलावस्थामा छन् । नयाँपन केही नहुने अनि उही सत्ता प्राप्तिको र स्साकस्सीमा भाग मिलाइ खाने पद्धतिबाट निष्पक्ष जनतामा आशाभन्दा बढी वितृष्णा नै छ । हिजो आपसमा भएका तर्क, विवाद र द्वन्द्वसम्म पुग्दा पनि घरभित्रको कुरा घरमा नै मिलाउन नसकेर नै बाम एकता बिथोलियो । तथापि अन्तरविरोध र विभाजनको कुरा नितान्त फरक विषय हुन् । मार्क्सवादी मान्यतामा अन्तरविरोध जति सामान्य भए पनि विभाजनको परिणाम घातक बन्छ । मिलेर बढ्ने अग्रगमन र फुटेर लड्ने पतनको भाष्यभित्र झुन्ड-झुन्डमा विभाजित बुद्धिले नकारात्मक नतिजा दियो । यसर्थ जनतामा शिशु संविधानको दुरूपयोग गर्ने झुन्डवादी बुद्धिबाट तर्सिनु स्वाभाविकै हो ।

विभाजनले हिजोको क्रान्ति, जबजको सिद्धान्त वा आचरणको पार्टीगत विरासतलाई जोगाएको हो भन्न सकिने स्थिति छैन । आजैबाट मीठा भाषण उही अनि उसैगरी जनतामा मपाइँत्ववाद हाबी देखिए पनि जनतामा २०७४ को भन्दा केही बढी चेतना त बढेकै देखिन्छ । यति भएर पनि भुइँमान्छेलाई फसाउने र भोट किन्ने प्राचीन शैलीमा दलहरू होमिएकै देखिन्छन् । भोज सुरू भएको छ । पछि हाम्रो बेवास्ता गर्दै चाकडीबाज बन्नेहरूले अहिले हात जोर्नै कठिन अभ्यास गरिरहेकै छन् । कसैलाई सिध्याएर आफु महान् हुने मात्रै बुद्धिलाई निरूत्साहित पार्ने संयन्त्र आफैं गन्हाएको देखिन्छ । जनताको मत तान्ने विकासवादी रचनात्मक बुद्धिलाई धमिराले खाएको भान भइरहेकै छ । व्यवस्था बदलियो तर सोच र प्रवृत्ति डुङडुङती गन्हाइरहेकै छ ।

शिक्षा र सभ्यता विकासका विचारलाई घोषणापत्रमा विरलै समेटिएका छन् । यसो गर्ने र उसो गर्ने भनिरहँदा स्रोत कसरी खोजेर पूरा गर्ने भन्ने कुरा नै स्पष्ट नभएका हचुवा विचारको बाहुल्यता देखिन्छ । अनुसन्धान नगरेरै झुक्याउने घोषणापत्र सार्वजनिक हुनुले हामी कुन हैसियतमा छौँ भन्ने कुरालाई संकेत गरेको छ ।

#### संविधान र परिवर्तनको जनआकांक्षा

संविधानले स्वतन्त्रताको वकालत गर्‍यो । जनताको सन्ततिले जनतालाई शासन गर्ने सुव्यवस्था कायम गर्‍यो तर भ्रष्टाचारी शैलीलाई नवीन शैलीले पुस्तान्तरण गरिरहेकै छ । चाकडी, चाप्लुसी र हजु-याइँका कारण चुनावमा टिकट पाउने कि क्षमताका आधारमा पाउने भन्ने समस्याले गाँज्यो । आखिर शासनसत्तागत पद्धतिले जनतामा स्वतन्त्रता त दियो तर सुव्यवस्था दिएन । सुपात्र र सुशासन दिएन । विडम्बना, मुलुकले पाएको परिवर्तनको अर्थव्यवस्थाको नाम हो, तर व्यवस्थापन पक्षले चाहिँ सधैँ सत्तास्वार्थको गाईजात्रा देखाइरहेकै छ । एउटै मान्छे पटक-पटक सत्तामा पुगिरहेका हुन्छन् । पञ्चायतकालीन व्यवस्थादेखि नै उही व्यक्ति मुलुकका निर्णायक बन्छन् । घुमेर नेतृत्व गरिरहन्छन् । यसर्थ अहिलेको राजनीतिक बहस न वैचारिक धारमा केन्द्रित छ, न त नीतिगत लक्ष्यमुखी नै । यो केवल शक्ति सम्पन्नताका खातिर चलिरहेको खेल मात्रै हो । यस अन्तर्यको अभ्यास हिजो २००७ सालबाटै भइरहेको हो र आज पनि बदलिन सकेन ।

पाठ सिक्ने नै हो भने तत्कालीन माओवादीको विचार र भाषण अनि प्रतिबद्धताले मूर्तता पाउन नसक्नुमा एकताको अभाव हो । एकै थालमा भात खाँदै द्वन्द्वमा होमिएका महानायकहरू नै आज आधा दर्जनभन्दा बढी टुक्रामा विभाजित छन् । बुर्जुवा शिक्षा बदल्नेलगायतका वचनबद्धता पनि सधैँ शक्तिकै वरिपरि घुम्ने पद्धतिभित्र पुरानो शरीरको नयाँ कपडाजस्तो मात्रै देखियो । सत्ताकै वरिपरि घुम्ने लालसा देखिरहियो । उही आसे राजनीतिकै होड रहनुले पनि नयाँपनको आशा कहिल्यै भएन ।

भोट माग्दा जनतासँग गरिएका वाचा एकाएक पद र सत्ताको भागबण्डासँग गएर मोडिए । जनतामा झ्याङ्गिएको अन्धसमर्थन र अन्धविरोधको अर्को संकीर्णताले असल नेतृत्व चयनमा समस्या उब्जिरहेकै छ । मुलुक बनाउने र समृद्धिको द्वारलाई खोलेर विश्वव्यापी प्राविधिक विकासतर्फा लम्किने मौकालाई हरेक चुनावी यात्राले समेट्न सकेन । असल मान्छेलाई सफल हुन नदिने घटिया बुद्धिको प्रभुत्व अद्यापि कायमै रहँदा सानालाई ऐन ठूलालाई चैन भइरहेकै छ । सबैभन्दा उत्तम र प्रभावकारी अवसर नै बहुमत र एकतामा हुने थियो । आखिर जुनसुकै सरकारले उठाएको भए पनि रेलमार्ग, सुरूङमार्ग, जल यातायातका ठूला खाले विकासका कुराले मुलुकमा एउटा राम्रै प्रभाव छोड्न सक्ने नै थियो । 'उसले भनेका कुरा हामीले किन गर्ने' भन्ने बुद्धि बोकेका नेतृत्वमा केवल ईर्ष्याको कल्मष छ । यद्यपि, व्यवहार र वास्तविकताको कसीमा रहेर हेर्दा आन्तरिक टकरावले विकासतिर लाग्ने ध्यान विनासतिर बढी केन्द्रित भयो । यसको परिणाम त अहिले हामी सबैले भोगिरहेका छौँ । सरकार पनि फेरिए तर उसलाई सत्ताको मेलोको खेलोले देशले विकासका आयामलाई अपनाउन सकेन । कमाउने, रमाउने र पचाउने नातावाद, कृपावाद र हजुरियावादी नवसामन्तवादले देशको समुन्नतिको ढोका बन्द गरिदिएकै हो । अहिले शासन व्यवस्था बदल्ने लडाइँ गर्नुपरेको छैन तर सोचको लडाइँमा चाहिँ नवसामन्तवाद र विकासवादबीचको तीव्र द्वन्द्व देखिन्छ ।

#### जनअभिमतको सम्मानमा आशंका

ठूलो दल विभाजनले शक्तिको लडाइँमा तानातान बढी हुन्छ । फलतः कालान्तरमा राजनीतिक र शासकीय अस्थिरताको भाष्य गाँसिएको रहिरहन्छ । देश र जनतालाई केन्द्रमा राख्ने हो भने नेतृत्वपंक्तिले संविधानको बालापनलाई मूर्तता दिने अभीष्टमा फुट्नेभन्दा जुट्ने नीति लिने हिम्मत गर्नुपर्छ । यद्यपि लामो अन्तरविवादको परिणतिले दलको वैचारिक र नीतिगत साध्यकै खिल्ली उडाएको प्रतीत हुन्छ । आज हामी ७० वर्षअघिदेखिको यही अभ्यासमा उही प्रयोगशालाभित्र मुकदर्शक छौँ । यो झिनाझपटी र स्वार्थलिप्साको जाँतोभित्र हामी पिसिइरहेका मात्रै हौँ । गाली र तालीबाहेक सिर्जनात्मक, रचनात्मक शैलीमा विश्लेषण गर्ने मथिङ्गल नभएका अधिकांश जनतामा देशको भन्दा दलभित्रको गुटकै चिन्ता छ । तसर्थ एउटै व्यक्तिको चङ्कुलमा घुम्ने पार्टीभित्रको पद्धतिले शक्तिलाई अँठ्याएर राखिरहन्छ अनि हामी त्यसभित्रै पूजारी बनिरहनुचाहिँ गलत पद्धति हो ।

# बालबालिकाको दाँतलाई लिएर अभिभावक कति सचेत ?

दाँतलाई शरीरको ऐना पनि भनिन्छ । दाँतले मुखको सौन्दर्यमा मुख्य भूमिका त खेल्छ नै, शरीरमा लाग्ने रोगको मुहान पनि यही बन्न सक्छ । त्यसैले दाँतको राम्ररी हेरचाह गर्न सके मात्र पनि ९० प्रतिशत रोगहरूबाट बच्न सकिन्छ ।

अन्य उमेरका व्यक्तिको तुलनामा अहिले बालबालिकामा दाँतसम्बन्धी समस्या बढी देखिन थालेको छ । यसको मुख्य कारण खानपान नै हो । अहिलेका बालबालिका घरमा बनेको खानेकुराभन्दा पनि जंक फुड, प्याकेट फुड र चकलेट बढी रूचाउँछन् । यस्ता खानेकुराले उनीहरूको स्वास्थ्यका साथै दाँतमा पनि समस्या निम्त्याएको छ ।

साधारणतया ६ महिनाबाट बच्चाको दाँत आउन सुरू हुन्छ । केही बच्चामा दाँत आउन सुरू गर्दागर्दै दाँत सड्न पनि सुरू भइसकेको हुन्छ । बालबालिकाको दाँतको विकास हुने क्रममा संक्रमण तथा सड्ने क्रम बढ्दै गएर दाँत नै झर्ने समयसम्म दाँतको टुक्रा मात्र बाँकी हुनसक्छ । यस्तै दाँतमा कीरा लाग्ने समस्या पनि बालबालिकामा देखिने मुख्य समस्या हो ।

६ महिनादेखि तीन वर्षको उमेरसम्म बालबालिकाको २० वटा दाँत आउँछ । ६ वर्षको उमेरपछि भने उनीहरूको स्थायी दाँत र बंगारा आउन थाल्छ र अगाडिको दाँत झर्न थाल्छ । ६ वर्ष उमेरदेखि १३ वर्ष उमेरसम्ममा बालबालिकाको अगाडिको दाँत झर्ने र बंगाराहरू पलाउने गर्छ ।

६ वर्षमा बच्चाको दाँत झर्‍यो र नयाँ पलायो, तर नयाँ पलाएको दाँत पनि एक वर्षभित्र फेरि कीरा लागेर झर्‍यो भने अब त्यो बच्चाको दाँत फेरि आउँदैन । त्यसैले बालबालिकाको दाँतको विषयमा अभिभावक सचेत हुनु जरूरी हुन्छ ।

अहिले अभिभावक प्रायः कामकाजी छन् । जसले गर्दा अभिभावकले बालबालिकाको दाँतको राम्ररी हेरचाह गर्न पाएका छैनन् । बच्चाको दाँतलाई धेरै हेरचाह गर्नुपर्दैन, उनीहरूको दाँत त झरेर गइहाल्छ भन्ने पनि धेरै अभिभावकको बुझाइ छ । तर यसरी बालबालिकाको दाँत त झरेर जान्छ किन हेरचाह गर्नु भनेर लापरबाही गर्दा दाँतकै कारण उनीहरूमा अन्य स्वास्थ्य समस्या पनि देखिन सक्छ ।

## बालबालिकाको दाँत खराब हुने कारण

बच्चाको दाँत खराब हुने मुख्य कारण भनेको खानपान हो । खानेकुरा आफैंमा ब्रस पनि हो । खानाले शरीरलाई सफा गर्छ र मुखलाई पनि सफा गर्छ । तर हामीले अहिले खानपानमा नै ध्यान दिइरहेका छैनौं । बच्चालाई बजारमा पाइने प्याकेट फुड, जंक फुड, चिनीजन्य गुलियो पदार्थ बढी दिन्छौं । जसले बच्चाको दाँतलाई भयानक रूपले खराब गर्छ ।

दाँतको सरसफाइमा ध्यान नदिएर वा हेरचाह गर्न नजानेर पनि बच्चाको दाँत खराब भएको हुन्छ । बच्चाको दाँतलाई धेरै हेरचाह गर्नुपर्दैन, उनीहरूको दाँत त झरेर जान्छ भन्ने सोच पनि धेरै अभिभावकमा देखिन्छ । जसकारण पनि बालबालिकाको दाँतमा विभिन्न समस्या देखिएको छ ।

> बच्चा विकासको क्रममा रहेका छन् भने प्राकृतिक रूपमा नै दाँतको ग्याप मिलाउने "स्पेस मेन्टेन" गरेर पनि दाँत मिलाउन सकिन्छ

## ६ वर्षको उमेरपछि झरेको दाँत फेरि पलाउँदैन

६ वर्षको उमेरपछि कीराले खाएर वा अन्य कुनै कारणले बच्चाको दाँत झरेको छ भने त्यो दाँत फेरि पलाउँदैन । जुन ठाउँको दाँत झरेको छ त्यो ठाउँमा अन्य दाँत सर्ने गर्छ । बांगोटिंगो हुने जस्ता समस्या पनि देखिन सक्छ । त्यसैले दाँत झरेको ठाउँमा अर्को दाँत राख्नुपर्छ । बच्चा विकासको क्रममा रहेका छन् भने प्राकृतिक रूपमा नै दाँतको ग्याप मिलाउने 'स्पेस मेन्टेन' गरेर पनि दाँत मिलाउन सकिन्छ ।

## मुखबाटै विभिन्न रोग निम्तिन सक्छन्

जन्मिनुअघि आमाको गर्भमा रहँदा बच्चा एउटा नाभीसँग जोडिएको हुन्छ । नाभीबाट नै उसले सबै खाना प्राप्त गर्छ । जन्मिसकेपछि भने सबै खानेकुरा मुखबाट नै शरीरसम्म पुग्छ । हामीले खाएको राम्रो नराम्रो कुरा सबै मुख हुँदै जाने भएकाले त्यसले मुखको स्वास्थ्यमा पनि असर गर्ने नै भयो । खानेकुरालाई राम्ररी चपाइएन भने त्यो पच्दैन, त्यसले पेट सम्बन्धी समस्या ल्याउन सक्छ । धेरै चिसो कुरा खायौं भने त्यसले घाँटी, फोक्सो र गिजामा असर गर्छ ।

दाँतका कारण अरू रोग लाग्नुका साथै अन्य रोगका कारण पनि दाँतमा समस्या देखा पर्छ । मधुमेह जस्तो किसिमको रोग लागेको छ भने दाँत र गिजाको समस्या देखिन सक्छ ।

## यसरी गरौं बालबालिकाको दाँतको हेरचाह

जबदेखि बच्चाको दाँत पलाउन सुरू हुन्छ, त्यो बेलादेखि नै दाँतको हेरचाह गर्नुपर्ने हुन्छ । दुईवटा मात्र दाँत पलाएको छ भने ब्रस गर्न त मिल्दैन, तर सफा गर्न मिल्छ । बच्चाले दूध खाइसकेपछि कटनलाई पानीमा भिजाएर उनीहरूको दाँतलाई सफा गरिदिनुपर्छ ।

बच्चा दुई-तीन वर्षको छ भने आफैंले उनीहरूको हात समाएर नरम ब्रसको प्रयोग गरेर दिनमा दुईपटक ब्रस गर्दिनुपर्छ । तीन वर्षभन्दा माथिको बच्चा छ भने उनीहरूले ब्रस गरे कि गरेनन् भनेर निगरानी गर्नुपर्छ ।

बालबालिकालाई सकेसम्म प्राकृतिक चिज खुवाउनुपर्छ । जंक फुड र प्याकेट फुडभन्दा पनि घरमै बनेको खानेकुरा दिनुपर्छ ।

यदि हामीले एउटा स्याउ खायौं भने त्यसले दाँतलाई सफा गर्छ र बलियो पनि बनाउँछ । तर स्याउको ठाउँमा चकलेट खाँदा त्यसले दाँतलाई सडाउँछ । त्यसैले बालबालिकालाई फलफूल, हरियो सागपात र घरमा बनेका खानेकुरा बढी खान दिनुपर्छ ।

कम्तीमा पनि एक वर्षमा एकपटक बाल दन्तरोग विशेषज्ञको सल्लाह लिने र उनीहरूको सल्लाहअनुसार बच्चाको दाँतको हेरचाह गर्नुपर्छ ।

*(ओरल म्याक्जिलोफेसियल सर्जन डा. घिमिरेसँग गरेको कुराकानीमा आधारित)*

# ड्राइ फुट कुन भिजाएर कुन नभिजाइ खाने ?



सबैलाई थाहा छ ड्राई फ्रुट शरीरको लागि धेरै फाइदाजनक हुन्छ, यसमा पाइने पोषक तत्त्वले तपाईंको शरीरलाई फिट राख्छ ।

यस्तो अवस्थामा कुन ड्राई फ्रुट भिजाएर खाने र कुन खानु हुँदैन भन्ने कुरा जान्नु निकै जरूरी हुन्छ ।

भिजाएर बदाम र किसमिस खाँदा धेरै फाइदा हुन्छ भन्ने कुरा तपाइले धेरै पटक सुन्नु भएको होला । त्यसो भए जानौँ कुन-कुन ड्राई फ्रुट भिजाएर खानुपर्छ, जसले गर्दा तपाइको स्वास्थ्य फिट रहन्छ । रिपोर्टका अनुसार सबै ड्राई फ्रुट भिजाएर खानु फाइदाजनक हुँदैन । बदाम, किसमिस र आलुबखडा जस्ता ड्राई फ्रुट भिजाएर खाँदा बढी फाइदाजनक हुने विज्ञ बताउँछन् ।

काजू, ओखर, बदाम, पिस्ता, छोकडा जस्ता सुख्खा फलफूल नभिजाई खान सकिन्छ । केही सुख्खा फलफूल जस्तै ओखरमा आवश्यक फ्याटी एसिडहरू हुन्छन् जुन रातभर भिजाउँदा नष्ट हुने भएकोले भिजाएर खानु हुँदैन ।

तर, तपाईं छोकडालाई दुवै तरिकाले उपभोग गर्न सक्नुहुन्छ, भिजाएर खान सक्नुहुन्छ र सुकेर पनि खान सक्नुहुन्छ ।

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*

- विकास खबरपत्रिका






# हेटौंडामा मेयर पौडेल, काफ्ले उपमेयरको उमेद्वार



◆ विकास संवाददाता

नेकपा एमालेको हेटौँडा उपमहानगरपालिकाको मेयरमा अनन्त प्रसाद पौडल उम्मेद्वार बन्ने भएका छन। हेटौँडाको उपमेयरमा सुमित्रा काफ्ले उम्मेद्वार बन्ने भएकी छिन् ।

नेकपा एमालेको १० वैशाखमा बसेको सचिवालय बैठकले पौडेल र काफ्लेलाई उम्मेद्वार बनाउने निर्णय गरेको हो । पौडेल वि.सं. २०७० मा गठित तत्कालिन मकवानपुर क्षेत्र नम्बर ३ बाट निर्वाचत संविधानसभा सदस्य हुन् भने काफ्ले एमाले मकवानपुरकी सचिवालय सदस्य हुन् ।

यसअघि मकवानुरको हेटौँडा उपमहानगरपालिका नेकपा एमालेले जितेको थियो । ०७४ सालको निर्वाचनमा एमालेका तर्फबाट हरि बहादुर महतले २३ हजार १२४ मतसहित विजयी भएका थिए । उमपेयरमा पनि तत्कालिन एमालेबाट मीना कुमारी लामा २३ हजार ४३७ मतसहित विजयी भएकी थिइन् । लामा अहिले नेकपा एसमा आवद्ध छिन् । उनी पनि यस निर्वाचनमा हेटौँडाको मेयरमा उमेद्वारी दिदै छिन् ।

अघिल्लो निर्वाचनमा मेयरका पराजित उमेद्वार नेपाली काँग्रेसका आनन्दराम पराजुलीको २२ हजार ५०९ मत पाएका थिए भने उपमेयरका उमेद्वार बलराम बलले १७ हजार ११ मत पाएका थिए । बल अहिले नेकपा एमालेमा आवद्ध छन् ।

यसअघि ०७४ को निर्वाचनमा माओवादी केन्द्र र नेपाली काँग्रेसबीच हेटौँडामा चुनावी तालमेल भएको थियो ।

# पालिका निर्वाचन कार्यालय स्थापना

◆ विकास संवाददाता

स्थानीय तहको निर्वाचनका लागि मकवानपुरमा निर्वाचन मुख्य अधिकृतको कार्यालय उद्‌ाटन गरिएको छ । देशका ७७ वटै जिल्लाअन्तर्गत रहेका स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएसंगै मकवानपुरमा पनि कार्यालय स्थापना भएको हो ।

८ वैशाखमा हेटौँडा उपमहानगर पालिका २ मा मुख्य निर्वाचन अधिकृत कार्यालय उद्‌घाटनमा जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठ, जिल्ला प्रशासन कार्यालयका प्रमुख भरतमणि पाण्डे, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, हेटौँडा उपमहानगरपालिकाकी उपमेयर मिना कुमारी लामा लगाएतको सभागिता रहेको थियो ।

यसैगरि, मकवानपुरको दशै स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय पनि स्थापना गरिएको छ । यसैबीच मकवानपुरमा आउँदो बैशाख ३० गते हुने स्थानीय चुनावमा २ लाख ९४ हजार ९ सय १९ जना मतदाता रहेका छन् । निर्वाचन आयोगले २९ बैसाख २०७९ सम्म १८ वर्ष पूरा भएका नागरिकलाई समावेश गरेर अन्तिम नामावली अनुसार मकवानपुरमा २ लाख ९४ हजार ९ सय १९ जनाले मतदान गर्न पाउने भएका हुन् । जसमा १ लाख ४९ हजार ९ सय ५४ जना पुरूष, १ लाख ४४ हजार ९ सय ५९ जना महिला र अन्यमा ६ जना मतदाता रहेका छन् ।

# ऐतिहासिक, धार्मिक पर्यटकिय क्षेत्रको रूपमा विकास हुँदै

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिका वडा नम्बर-१५ मा पर्ने चुरीयामाई सुरूङ र आसपासका क्षेत्रमा स्थानीय सरकारले हरेक वर्षजसो लगानी गरेर काम गरेको छ । बिशेषगरी हेटौँडा उपमहानगर-पालिकाले आफ्नो क्षेत्रको विकास मध्य यस क्षेत्रलाई पनि प्राथमिकता दिएर काम गर्दै आएको उपमहानगरपालिकाका मेयर हरि बहादुर महत बताउँछन् ।

यहाँको धार्मिक, पर्यटकिय र ऐतिहासिक क्षेत्रको विकास गर्नेक्रममा हरेक वर्ष लगानी गरेर काम गर्दै आएको मेयर महत बताउँछन् । यहाँ भित्र पर्ने अर्को धार्मिक र आकर्षणको केन्द्र हो चुरियामाई मन्दिर र यहाँको सुरूङलाई मानिदै आएको छ । यस क्षेत्रमा खानेपानी, सरसफाइ गर्ने काम संगै सुरूङका परिकल्पनाकारको शालिक समेत राखिएको मेयर महतले बताए ।

यो मन्दिर र सुरूङ बागमती प्रदेश र मधेश प्रदेशको सिमानामा छ । तत्कालिक राणा प्रधानमन्त्री चन्द्र समसेरको पालामा कुनै अप्रिय घट्ना नहोस भनि चुरिया सुरूङको मुखैमा चुरियामाई मन्दिरको स्थापना गरिएको थियो । इन्जिनियर ब्रिगेडियर कर्नेल डिल्लीजंग थापाले सुरूङमार्गको डिजाईन गरी चुरिया डाडाँमा सरूङ निर्माण गर्न लाग्दा सुरूङको मुखमा आफ्नो थान रहेको भनि सपनीमा आलौकिक आदेश भयो ।

फल स्वरूप देवीको मुर्ति उत्खन्न गरी सुरूङकै प्रवेशद्वारबाट पुर्व चुरियामाई देवीको स्थापना गरि सुरूङमार्ग खन्ने काम बि.स. १९७५ मा सुरू गरिएको ईतिहाँस छ । चुरे पहाडकै फेदीमा सुरूङ खन्ने क्रममा उक्त मुर्ति उत्पत्ती भएकोले चुरियामाई देवी भनि नामाकरण गरिएको थियो । त्यस अघि त्यही चुरे डाँडामा देउराली रहेको र आउने जानेहरूले फुलपाती चडाउने गरेको चुरियामाई मन्दिरका पुजारी राजु नगरकोटीको भनाई छ ।

यहाँको मन्दिर र चुरीयामाइ सुरूङको छुट्टा छुट्टै बिशेषता रहेको छ । १०२ वर्ष पहिले नै नेपालमा गाडी गुडाउने गरी नै सुरूङमार्ग बनाइएको थियो । मकवानपुर को चुरियामाईमा रहेको यो सुरूङमार्गको भग्नावषेश अझैसम्म देख्न सकिन्छ । राणाकालमा रक्सौलबाट अमलेखगञ्जसम्म रेल चल्थ्यो, त्यहाँबाट मकवानपुरको भीमफेदीसम्म बनाइएको सडकमार्गमा चुरे पहाड छिचोल्दै हेटौँडा छिर्न सजिलो थिएन । त्यसैले पहाडमा घुमाएर बाटो बनाउनुको साटो सीधा सुरूङमार्ग खनियो र गाडी चलाइयो । सुरूङमार्ग खन्ने क्रममा चन्द्रशमसेरको सपनामा देवीले मेरो मार्गमा सुरूङ नखन्न भनेपछि क्षमा स्वरूप मन्दिर स्थापना गरेर सुरूङ खनिएको भन्ने किवंदन्ती छ ।

हेटौंडा बजारबाट करिब ९ किलोमिटर दक्षिणमा चुरियामाई मन्दिर छ । त्यहाँको सडक अहिले पनि केही उकालो छ । त्यसैले सडक पीच नगरी कंक्रिटमात्र छ । त्यसकै समीपमा सय वर्षअघिको ऐतिहासिक सुरूङ मार्गको भग्नावशेष देख्न सकिन्छ । तत्कालीन समयमा त्यस्तो उकालो पहाडमा बाटो बनाउन गाह्रो भएकाले विकल्पमा सुरूङमार्ग खनिएको बताउँछन् स्थानीय जानकार बिके महर्जन । काठमाडौं उपत्यका बाहिर सबैभन्दा पहिले विकास गरिएको यो सडकखण्डमा तत्कालीन राणा सरकारले सुरूङ मार्ग खनाएको थियो । र, त्यही सुरूङ मार्ग हुँदै चल्ने गाडीले भीमफेदीसम्म समान ल्याउँथे । काठमाडौंसम्म जोडिने सडक नभएकाले त्यहाँबाट भरिया लगाएर काठमाडौंसम्म समान पुर्‍याइन्थ्यो । काठमाडौंमा चल्ने राणाका गाडी पनि भीमफेदीसम्म यही सुरूङ मार्ग छिचोल्दै पुग्थे ।



हेटौंडाको चुरियामाई क्षेत्र

प्रजातन्त्र पुनर्स्थापनापछि त्रिभुवन राजपथ बन्यो । त्यसै क्रममा यो सुरूङमार्गको बीच खण्डमा विष्फोट गराएर भत्काइयो र त्यसैमाथि सडक बनाइयो । सडक छेउमा देखिएका सुरूङका मुखहरू थुनिए । तर, मन्दिर नजिकैको सुरूङमार्गको मुख्य भाग भने अझै सग्लो अवस्थामै छ । सडकपारिको अर्को भागलाई भने कंक्रिटको घर बनाएर बन्द गरिएको छ । सिभिल इन्जिनियर बिग्रेडियर जनरल डिल्लीजंग थापाले ५ सय मिटर लम्बाइको यो सुरूङमार्ग डिजाइन गरेका थिए ।

यो सुरूङमार्ग ९ फिट चौडा र १० फिट अग्लो छ । चुरिया सुरूङ सन् १९१७ मै बनेको थियो । स्वीस भूगर्भविद टोनी हेगनले आफ्नो पुस्तक 'दी हिमालयन किङ्डम अफ नेपाल'मा पनि यो सुरूङ मार्गबारे चर्चा गरेका छन् । उहाँले यसलाई 'एसियाकै पहिलो मानवनिर्मित सुरूङ हुन सक्ने' बताँछन् । उनले भारतमा पनि त्यस्तो सुरूङ नबनेको अवस्थामा नेपालमा यस्तो सुरूङमार्ग देख्दा आफू अचम्भित र खुसी भएको कुरा पुस्तकमा उल्लेख गर्नु भएको छ । जीर्ण अवस्थामा रहेको यो सुरूङ मार्ग हाल प्रयोगमा छैन । यसलाई थप मर्मत गरेर प्रयोगमा ल्याउनका लागि बागमती प्रदेश सरकारले काम गरिरहेको छ । भूकम्पपछि यो सुरूङमार्ग थप जीर्ण बन्न पुगेको छ । अहिले हेटौंडा उपमहागरले यसको संरक्षणका लागि पहल थालेको छ ।

पहाड नै खोपेर बनाइएको सुरूङमा चुनासुर्की प्रयोग गरिएको छ । सुरूङमार्गको दुवैतर्फका भित्तामा लहरैसँग ढुंगाहरू राखिएका छन्, खोपाहरू कुँदिएका छन् । मन्दिरका पुजारीका अनुसार चन्द्रशम्शेरको पालामा बनेको यो सुरूङमार्गको डिजाइन गर्ने इन्जिनियर थापाका पनाति/पनातिनाहरू यसको अवलोकनमा बेलाबखत पुग्छन् । उपमहानगरपालिकाले यहाँ थापाको शालिक स्थापना गरेको छ । चुरीयामाइ सुरूङ मर्मत गरेर व्यवस्थिथत गर्दै फेरि अवलोकनका लागि खुला गर्ने योजना बनेको छ ।

पूर्खाको नासो भएकाले यसलाई राष्ट्रिय सम्पदा घोषणा गर्नुपर्ने माग स्थानीयबासीको छ । सुरूङभित्र सरसफाई गरेर बत्तीसहित तत्कालीन अवस्थामा प्रयोग भएका सामान र चित्र र फोटोहरू सजाएर यसलाई खुला गर्नुपर्ने उनीहरू बताउँछन् । चुरे पर्वतको काखमा रहेको यो सुरूङमार्ग नेपालीहरूको श्रम, सीप, मिहिनेत र कला कौशलको प्रतिविम्ब भएको बताउँछन् चुरियामाईका स्थानीय श्यामकुमार बम्जन । गुफामा परिणत भएपछि यो सुरूङमार्ग खासै चर्चामा पनि आउन सकेको छैन ।

तत्कालीन समयमा यो सुरूङमार्गको पस्ने र निस्कने विन्दुमा पाले घरहरू थिए । तत्कालीन पाले वीरबहादुर ब्लोनका नाति रामका अनुसार पालेघरहरूले गाडी अएपछि झण्डा हल्लाएर जनाउ दिने गरेको हजुरबावाट सुनेको बताउँछन् । यो सुरूङमार्ग बनेको करिब सय वर्षपछि बल्ल नेपालले सडकमा सुरूङमार्गको आवश्यकता महसुस गरेको छ ।

चुरियामाई मन्दिरमा स्वदेश तथा छिमेकी देश भारतबाट देवीको दर्शनको लागि भक्तजनहरू आउने गर्दछन । कुनै पनि काम आँट्दा देवीको पुजा आराधना गर्नाले बिध्न बाधा हट्ने धार्मिक मान्यता छ । चुरियामाई मन्दिरमा प्रत्येक शनिबार र मंगलबार भक्तजनहरूको बाक्लो उपस्थिती हुन्छ । बिशेषगरि दशैको घटस्थापना देखि दशमीसम्म भक्तजनहरूको घुँईचो हुन्छ ।

मन्दिरमा नरिवलदेखि पशुपन्छको वली भोग देवीलाई चढाईन्छ । चुरियामाई देवीको सवारी साधानबाट पनि दर्शन गर्न सकियोस भनेर प्रबेशद्वारा नजिकै देवीको मुर्तिमा प्राण प्रतिष्ठागरि पुजा आजा गरिँदै आएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

**स्थानीय तह निर्वाचन २०७४ फर्केर हेर्दा**

# इन्द्रसरोवर : जहाँ यसअघि वडाध्यक्षमा १०० भन्दा कम मतान्तर नै भएन

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको वडा अध्यक्ष पदमा एक अर्को प्रतिस्पर्धीहरूमा १ सय भन्दा बढि मतान्तर रहेको थियो । वि.सं. २०७४ सालको स्थानीय तह सदस्य निर्वाचनमा नेकपा एमाले बलियो मानिएको इन्द्रसरोवर गाउँपालिकामा पालिका अध्यक्ष र उपाध्यक्ष पदमा तत्कालिन नेकपा एमालेले नै जित हासिल गरेको थियो । अहिले अध्यक्ष जीवन लामा नेकपा एकीकृत समाजवादी र उपाध्यक्ष उमा कुमारी लामा नेकपा एमालेमै छिन् ।

इन्द्रसरोवरको वडा नम्बर १ मा नेपाली काँग्रेसका जमान सिंह वाइवाले एमालेका झमकलाल बलामीलाई ३९९ मतान्तरले पराजित गरेका थिए । मतगणना हुँदा वाइवाले ७७५ मत पाएका थिए भने बलामीले ३७६ मत पाएका थिए । त्यस्ते वडा नम्बर २ मा राजुमान महर्जन पालिकामै सबैभन्दा कम १०० मतान्तरले विजयी भएका थिए । मतगणना हुँदा नेपाली काँग्रेसका उमेद्वार सुमन श्रेष्ठले ४७४ र महर्जनले ५७४ मत पाएका थिए ।


त्यस्तै वडा नम्बर ३ मा नेकपा एमालेका उम्दवार चिरञ्जीवि पौडेलले राप्रपाका राजकुमार झ्लोनलाई ५२५ मतान्तरले पराजित गरेका थिए । पौडेलले ९७९ र झ्लोनले ४५४ मत पाएका थिए भने वडा नम्बर ४ मा नेकपा एमालेका धनवीर स्याङ्तानले पालिकामै सबैभन्दा बढि ५९४ मतान्तरले नेपाली काँग्रेसका हरि कुमार लामालाई पराजित गरेका थिए । मतगणना हुँदा स्याङ्तानले ७५० र लामाले १५६ मत पाएका थिए ।

इन्द्रसरोवरको वडा नम्बर ५ मा तत्कालिन नेकपा एमालेका उमेद्वार धनराज महर्जनले १०६ मतान्तरले राप्रपाका राजन लामालाई पराजित गरेका थिए । मतगणनामा महर्जनले ५२८ र लामाले ४२२ मत पाएका थिए । महर्जन अहिले नेकपा एकीकृत समाजवादीमा आवद्ध छन् ।

५ वटा वडा रहेको इन्द्रसरोवरको वडा नम्बर १ मा नेकपा एमाले दोस्रो दल र अरू सबै ४ वटै वडामा विजयी भएको थियो भने नेपाली काँग्रेस वडा नम्बर वडा नम्बर १ मा विजयी तथा वडा नम्बर २ र ४ मा दोस्रो दलको रूपमा उभिएको थियो । वडा नम्बर ३ र ५ मा राप्रपाले आफूलाई पालिकाको दोस्रो दलको वरियतामा राख्न सफल भएको थियो । नेकपा माओवादीले भने आफूलाई इन्द्रसरोवरको कुनैपनि वडामा दोस्रो स्थानमा राख्न सकेन ।

# थाहानगर 'पालिका मत' समिक्षा

◆ विकास संवाददाता



२०७४ को स्थानीय तह सदस्य निर्वाचनमा दश जना मेयरको उमेद्वार भएको थाहा नगरपालिकामा नेकपा माओवादी केन्द्रका लवशेर विष्ट विजयी भएका थिए । उनले ९ हजार ९१ मत पाएका थिए । यो माओवादी केन्द्रका मेयरका लागि सबै वडाबाट पाएको कुल मत संख्या हो ।

त्यस्तै उपमेयरमा नेपाली काँग्रेसका खड्ग बहादुर गोपालीले ७ हजार ३०७ मतसहित विजयी भएका थिए । ०७४ को निर्वाचनमा माओवादी र काँग्रेसबीच थाहानगरमा चुनावी तालमेल भएको थियो ।

त्यसैगरी थाहानगरमा मेयर पदका उमेद्वार विष्णु प्रसाद ढकालले ६ हजार ५४९ मत पाएका थिए भने उपमेयरका उमेद्वार कल्पना बलामीले ६ हजार ७४५ मत पाएकी थिइन् । त्यस्तै राप्रपाका मेयरका उमेद्वार हरेराम कार्कीले ९५२, उपमेयर राममाया लामा (छुमी) ले ८९७, नयाँ शक्तीकी मयेरको उमेद्वार निरू लामाले १३९, उपमेयरका उमेद्वार तार ालाल श्रेष्ठले १३७, राष्ट्रिय जनमोचाकी उपमेयर शोभा गोपालीले २३९ र मेयर का स्वतन्त्र उमेद्वार सहदेव तामाङले १ मत पाएका थिए ।

थाहानगरमा ०७४ को स्थानीय तह सदस्य निर्वाचनमा कुल २० हजार ६४१ मत खसेकोमा ६ सय १७ ब्यालेट मत बदर भएको थियो । सबैभन्दा बढि वडा नम्बर ९ मा ८७ ब्यालेट र सबैभन्दा कम वडा नम्बर १० मा १६ ब्यालेट मत बदर भएको थियो ।

## ३० भन्दा कम मतान्तर मा हारजित

मकवानपुर थाहा नगरपालिकाको ३ वटा वडामा ३० भन्दा कम मतान्तरमा ०७४ सालमा दुई दलले विजय हासिल गरेको तथ्याङ्क छ ।


राष्ट्रिय रूपमै बलिया मानिएका नेकपा एमाले, नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रको थाहानगरमा पनि उत्तिकै प्रतिस्पर्धा देखिएको थियो । २०७४ सालको स्थानीय तह सदस्य निर्वाचनमा नेकपा एमालेले २ वटा र नेपाली काँग्रेसले एउटा वडामा ३० भन्दा कम मतान्तरमा पराजय बेहोरेको हो ।

नगर प्रमुख र उपप्रमुख पदमा माओवादी केन्द्र र नेपाली काँग्रेसबीच गठबन्धन भई चुनावमा होमिएको थाहानगरमा २०७४ सालको निर्वाचनमा थाहा नगरपालिका वडा नम्बर १ मा एमालेका धर्मलाल प्रधानले २९ मतान्तरमा पराजित बेहोर्नु परेको थियो । वडा नम्बर १ मा नेकपा माओवादी केन्द्रका हेरमान गोपालीले ५ सय ५६ मत प्राप्त गर्दा एमालेका प्रधानले ५ सय २७ मत प्राप्त गरेका थिए ।

त्यस्तै वडा नम्बर ९ मा नेकपा एमालेका लक्ष्मण रेग्मीले पालिकामै सबैभन्दा कम १२ मतले पराजित हुनु परेको थियो । ९ नम्बर वडामा नेकपा माओवादी केन्द्रका उमेद्वार परशुराम श्रेष्ठले ५ सय २२ मत प्राप्त गर्दा रेग्मीले ५ सय १० मत मात्र पाएका थिए ।

थाहा नगरपालिकाकै वडा नम्बर १० मा नेपाली काँग्रेसका उमेद्वार कर्ण बहादुर गोपालीले २५ मतान्तरले पारजित हुनु परेको थियो । सबै वडा सदस्य नेपाली काँग्रेसको उमेद्वार विजयी भैरहँदा १० नम्बर वडामा एमालेका हिरा बहादुर गमालले ५ सय ४२ मतसहित विजयी भएका थिए । गोपालीले भने जम्मा ५ सय १७ मत पाएका थिए । थाहा नगरपालिकामा १२ वटा वडा रहेका छन् ।

# थाहानगर आग्रामा चल्ती दोभानमा पक्की पुल निर्माण हुने



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको चल्ती दोभानमा मोटरेबल पुल निर्माण हुने भएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर ७ चल्ती दोभानमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभाग (डोली) ले पुल निर्माण गरिदिने भएको हो । पुल निर्माणको लागि डोलीले २३ चैत्रमै टेण्डर प्रकाशन गरिसकेको छ । थाहा नगरपालिकाले पालिका अन्तर्गतको उक्त खोलामा मोटरेबल पुल अभावमा नागरिकले समस्या झेल्दै आएपछि थाहानगरले राष्ट्रिय योजना आयोगमा निर्माणको लागि अनुरोध गरेको थियो । स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम अन्तर्गत पुल निर्माण हुन लागेको हो ।

पुल निर्माणपश्चात् स्थानीयहरूलाई सहज हुने थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टले बताए । पुलले मकवानपुरको थाहानगरका साथै धादिङबासीलाई समेत सहज हुने विष्टको भनाइ छ ।

# थाहानगरका कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिकाको आयोजनामा पालिका अन्तर्गतका कर्मचारीहरूलाई एकदिने क्षमता अभिवृद्धि तालिम भएको छ । पालिकाले आन्तरिक नियन्त्रणलाई व्यवस्थित बनाउने उद्देश्यले संचालनमा ल्याउन लागेको प्रणाली र त्यसंग सम्बन्धीत अन्य प्राविधिक ज्ञानको विषयमा तालिम दिएको हो ।

थाहानगरको नयाँगाउँमा रहेको साहारा रिसोर्टमा भएको तालिममा थाहा नगरपालिकाका विभिन्न महाशाखा, शाखाका प्रमुख र वडा सचिवहरूको सहभागिता रहेको थियो । तालिमका सहभागीहरलाई थाहा नगरपालिकाका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, सूचना प्रविधि शाखा प्रमुख भगिर थ कार्की, सूचना शाखा प्रमुख सुरजकुमार भुजेलले सहजीकरण गरेका थिए । सहभागीहरूले प्रणाली लगायत कार्यालयको सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन गर्नुपर्ने नयाँ सोचहरूको विषायमा समेत छलफल गरेका थिए ।

थाहा नगरपालिकाका शिक्षा शाखाका शाखा अधिकृत (आठौं) माधव विक्रम मल्लको सभाध्यक्षतामा भएको कार्यक्रमको समापनको अवसरमा सहभागीहरूको तर्फबाट थाहा नगरपालिका महिला, बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान र १० नम्बर वडा सचिव चक्र बहादुर ठगुन्नाले मन्तव्य व्यक्त गरेका थिए । सहभागीहरूले तालिमलाई व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गरे ।

सहभागीहरूले पालिका र तिनका वडाहरूबाट सम्पादन हुने कार्यलाई थप निखारता ल्याउन तालिमले सहयोग गरेको बताउँदै यस्ता कार्यक्रमको निरन्तरताको कामना गरे ।

सभाध्यक्ष समेत रहेका मल्ले तालिमले कर्मचारीको लागि उत्साह थपेको बताए । उनले कर्मचारीहरबीच यस्तो कार्यक्रम संचालन गर्दा एक आपसमा सिक्ने र सिकाउने बानीको विकास भई सेवा प्रवाहलाई प्रभावकारी हुने बताए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालयः थाहा-८ सम्पर्क नं. ९८०७५३३००
२०७९ वैशाख १२ गते सोमबार, 25 April 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



## सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं ,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- समय-समयमा सवारी साधनको मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## स्थानीय तह सदस्य निर्वाचन, २०७९



मेरो मत, मेरो भविष्य। मतदान गरौँ, प्रतिनिधि चुनौँ।

वैशाख ३० गते शुक्रबार

बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

## कण्डम






- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपछ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ । कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि नि:शुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।


**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १ . अस्थायी साधनहरु



१.१ आई.यू.सी.डि (कपर टि) :
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

१.२ ईम्प्लाण्ट :
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।

१.३ डिपो (३ महिने) सुई :
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

१.४ खाने चक्का (पिल्स) :
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

# नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।




बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं/ गराऔं ।

बालविवाह अन्त्य गरौं ।



बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।

बालविवाह गरी घरेलु हिंसामा नफसौं ।

बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी